श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, बाग्लुङका प्रमुख जिल्ला अधिकारी श्री जगन्नाथभक्त श्रेष्ठ यस मन्त्रालयमा काजमा रहनु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालय बाग्लुङको पञ्चायत विकास अधिकारी श्री रत्नराज पाण्डेलाई मिति २०३६।१।१३ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, मुगुका प्रमुख जिल्ला अधिकारी श्री हिरण्यलाल रेग्मी घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालय मुगुको पञ्चायत तथा विकास अधिकारी श्री विनोदप्रसाद शर्मालाई मिति २०३६।१।२१ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

८८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।